बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौँडा, नेपाल

मा. गिर बहादुर तामाङ
मन्त्री

## "बाबुको मुख हेर्ने दिन तथा कुशे औंसीको शुभकामना"

त्याग, समर्पण, संरक्षण, अनुशासन र मार्गदर्शनका प्रतीकका रुपमा बाबुलाई नेपाली समाजमा परम्परागत रुपमा स्वीकार गर्दै आइएको छ ।यसै भावनालाई आत्मसात् गर्दै मनाइने बाबुको मुख हेर्ने दिन तथा कुशे औंसीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली बुवाहरूमा हार्दिक सम्मानसहित सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

परिवारको सुख, सन्तानको भविष्य र समाजको उन्नतिका लागि जीवनभर गर्नुभएको बुवाहरूको त्याग, तपस्या र योगदानप्रति यस अवसरमा उच्च सम्मान व्यक्त गर्दछु। साथै, यस दिनले पुस्ताबीचको आत्मीयता, पारिवारिक एकता, आपसी सम्मान तथा सामाजिक सद्भावलाई अझ सुदृढ बनाउन प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

हालसालै भोटेकोशी बाढी तथा विपद्का कारण आफ्ना अभिभावक गुमाउन पुगेका बालबालिकाप्रति विशेष संवेदना व्यक्त गर्दछु। बाबुको मुख हेर्ने यस दिनमा आफ्ना अभिभावकको साथ र माया गुमाएका ती बालबालिकाको पीडा अझ गहिरो रूपमा अनुभूति भइरहेको छ।विपदमा अभिभावक गुमाएका बालबालिकाको संरक्षण, शिक्षा, स्वास्थ्य, मनोसामाजिक सहयोग र सुरक्षित भविष्य सुनिश्चित गर्नु राज्य र समाजको साझा दायित्व भएकाले प्रदेश सरकार यसप्रति प्रतिबद्ध रहेको छ ।

यस पावन अवसरले हामी सबैलाई आफ्ना अभिभावकप्रतिको दायित्व र जिम्मेवारी अझ आत्मसात् गर्दै सम्मान, माया, संरक्षण र सहकार्यमा आधारित पारिवारिक तथा सामाजिक संस्कारको विकास गर्न प्रेरणा प्रदान गरोस्।

धन्यवाद।

मिति : २०८३।०५।२६
नेपाल संवत् ११४६, गुँलागा आमै

गिर बहादुर तामाङ
मन्त्री